**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 5, Volume 5, Issue 1, Dec. 2023
Solukhumbu Multiple Campus Research Development and Management Committee

# शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावाद

**धर्मानन्द पन्त**

*Article History : Submitted 16 Sept. 2023; Reviewed 13 Oct. 2023; Accepted 15 Dec. 2023*
*Author : Dharmananda Pant Email: pantdharma44@gmail.com*

**लेख सार**

*महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) आधुनिक नेपाली महाकाव्य परम्पराका सर्वोच्च स्वच्छन्दतावादी प्रतिभा हुन् । वि.सं. २००२ सालमा प्रकाशित शाकुन्तल महाकाव्य प्रथम नेपाली स्वच्छन्दतावादी महाकाव्य हो । प्रस्तुत लेखको मुख्य उद्देश्य लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको शाकुन्तल महाकाव्यलाई स्वच्छन्दतावादी धाराका आधारमा अध्ययन गर्नु रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा संरचित प्रस्तुत लेखलाई वर्णनात्मक विधिका आधारमा विश्लेषण गरिएको छ। देवकोटाको शाकुन्तल (२००२) महाकाव्यलाई प्राथमिक स्रोतका रूपमा आधार मानी स्वच्छन्दतावादका मुख्य विशेषताहरू अतितप्रतिको मोह, प्रकृति प्रेम, मानवतावादी जीवनदर्शन, साङ्गीतिकता, काल्पनिकता, आत्मिक प्रेम, आध्यात्मिक चेतना, सरल, सरस र स्वतः स्फूर्त भाषाशैली, कारूणिकताका आधारमा तालिकीकरण, व्याख्या विशेषण गरी थिम निर्माण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। देवकोटाका उक्त महाकाव्यमा प्रकृतिको सुन्दर र असुन्दर दुवै रूपको चित्रण गरिएको छ। मानिस खुसी हुँदा प्रकृति पनि सुखी हुने र मानिस दुःखी हुँदा प्रकृति पनि उराठ लाग्दो देखिन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले यस महाकाव्यमा प्राचीन आर्य सभ्यता, हिन्दू संस्कृति, प्राचीनताप्रतिको मोह अर्थात् अतीतप्रतिको मोहलाई  यस महाकाव्यको विषयस्रोत, घटनासन्दर्भ र परिवेशसँग सामञ्जस्य गरी प्रस्तुत गरेको पाइन्छ। रहस्यमय र जादुगरी कवित्वका कारण प्रस्तुत 'शाकुन्तल' महाकाव्य अजस्र काल्पनिकताले युक्त विशिष्ट महाकाव्यका रूपमा देखापर्दछ । देवकोटाले यस महाकाव्यमा मानवतावादी चिन्तन पनि प्रस्तुत गरेका छन् । काव्यमा दुष्यन्तले शकुन्तलालाई एक्लै छाडेपछि देखिएको कारुणिक पक्षको सुन्दर चित्रण गरिएको छ।*

**मुख्य शब्दहरू :** काल्पनिकता, प्रकृतितर्फ फर्क, महाकाव्य, मानवतावाद, स्वच्छन्दतावादी धारा

## विषय प्रवेश

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कार्तिक २७ गते पिता पं. तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवीको सन्तानका रूपमा डिल्लीबजार काठमाडौंमा भएको थियो । (भट्टराई र कडेल,

२०६९/७०, ६४) । देवकोटाको देहावसान वि.सं. २०१६ भदौ २९ गते भएको हो । लक्ष्मीप्रसाद देवकोटाको प्रथम प्रकाशित महाकाव्य 'शाकुन्तल' (वि.सं. २००२) ले नेपाली महाकाव्य परम्परामा उल्लेख्य योगदान पुऱ्याएको छ। उनका सुलोचना (वि.सं. २००३), महाराणा प्रताप (वि.सं. २०२४), वनकुसुम (वि.सं. २०२५), प्रमिथस (वि.सं. २०२८) र पृथ्वीराज चौहान (वि.सं. २०४९) महाकाव्य पनि प्रकाशित छन्। आधा दर्जनजति महाकाव्य प्रकाशन गरी महाकाव्य क्षेत्रमा योगदान पुऱ्याएका देवकोटाको 'शाकुन्तल' महाकाव्य प्रथम आधुनिक नेपाली स्वच्छन्दतावादी महाकाव्य हो।

पाश्चात्य साहित्य जगतमा स्वच्छन्दतावादी धाराको प्रभाव ईसाको १८ औँ शताब्दीको उत्तरार्द्धदेखि १९ औँ शताब्दीको अन्त्यसम्म कायम रहेको पाइन्छ (ढकाल, २०६९, १२) । प्रसिद्ध भारतीय साहित्यकार राहुल साङ्कृत्यायनका अनुसार प्रसिद्ध भारतीय छायावादी कवित्रय पन्त–प्रसाद–निराला (सुमित्रानन्दन पन्त, जयशङ्कर प्रसाद र सूर्यकान्त त्रिपाठी 'निराला' ) को त्रिवेणी अर्थात् समन्वित रूप देवकोटामा भेटिन्छ (भण्डारी र पौडेल, २०६७:६७) । "यो एउटा भगीरथको गङ्गा हो, थाप्लामा बोक्न मुस्किल छ" (भूमिका : नेपाली शाकुन्तला महाकाव्य) मा देवकोटाको आफ्नो भनाइले पनि 'शाकुन्तल' महाकाव्य स्वच्छन्दतावादी स्वतः स्फूत लेखनको उदाहरण मान्न सकिन्छ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) अनुसार शास्त्रीय नियम र परम्परागत मर्यादाका बन्धनलाई आत्मसात् नगरी स्वतः स्फूर्त किसिमले निजी भाव अभिव्यक्त गरेर साहित्य सृजना गर्ने सिद्धान्तलाई स्वच्छन्दतावाद भनी परिभाषित गरिएको पाइन्छ । यसमा प्राकृतिकता, स्वतः स्फूर्तता भावुकता र काल्पनिकताजस्ता विचारहरू प्रबल हुन्छन् । 'स्वच्छन्दतावाद' अङ्ग्रेजी ुच्कबलतष्अष्कु को नेपाली अनुवादका रूपमा मानिन्छ। रोमान्टिक शब्दको सर्वप्रथम प्रयोग रूसोले सन् १७७७ मा गरेका हुन् । सन् १७९८ मा विलियम वर्डस्वर्थ र एस.टी. कलरिजले संयुक्त 'लिरिकल ब्यालेड' प्रकाशित गरेपछि स्वच्छन्दतावादले सैद्धान्तिक मान्यता प्राप्त गरेको हो (ढकाल, २०६९, ९३) । यसरी पाश्चात्य साहित्यमा देखापरेको स्वच्छन्तवादी धारालाई नेपाली महाकाव्यमा वि.सं. २००२ मा प्रकाशित 'शाकुन्तल' महाकाव्यमा सफलतापूर्वक प्रयोग गर्ने काम महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका छ । वि.सं. २००२ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको शाकुन्तल महाकाव्य पाश्चात्य साहित्यको एक प्रमुख वादका रुपमा मानिएको स्वच्छन्दतावादी चिन्तनमा आधारित भई तयार पारिएको मानिन्छ। स्वच्छन्दतावादी धाराका विभिन्न विशेषताहरु छन्, ती विशेषताहरू के कसरी प्रयोग भएको छ भन्ने आधारमा प्रस्तुत लेख केन्द्रित रहेको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको शाकुन्तल महाकाव्यको स्वच्छन्दतावादी धाराका विशेषताका आधारमा विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

अध्ययन अनुसन्धानले ज्ञानको खोज गरी सर्बसुलभ बनाउने उद्देश्य राखेको हुन्छ। प्रस्तुत लेख शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावादको प्रयोग के कस्तो भएको छ भनी अध्ययनमा केन्द्रित छ। महाकवि देवकोटाका विभिन्न विशेषतामध्ये स्वच्छन्दतावाद पनि एक हो । स्वच्छन्दावाद एक व्यापक सिद्धान्त हो । यस सिद्धान्तअन्तर्गत पनि विभिन्न अरु विचारहरु छन् । स्वच्छन्दतावादका तिनै विभिन्न विशेषताका आधारमा प्रस्तुत लेखमा सूक्ष्म ढङ्गले विश्लेषण गरिएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा आधुनिक नेपाली महाकाव्य परम्पराका सर्वोच्च प्रतिभा हुन् । उनको 'शाकुन्तल' महाकाव्य स्वच्छन्दतावादी धाराको पहिलो नेपाली महाकाव्य हो । प्रस्तुत महाकाव्यको अध्ययन अध्यापन स्नातक र स्नातकोत्तर तहसम्म विश्वविद्यालयका नेपाली विषयका पाठ्यांशमासमेत समावेश गरिएको पाइन्छ। यस अध्ययनबाट शाकुन्तल महाकाव्यको अध्ययन विश्लेषण गर्न चाहने अध्येता, महाकाव्यबारे शिक्षण गर्ने शिक्षक/प्राध्यापक, एवम्

महाकाव्य अध्ययनप्रति रुची राख्ने पाठकका लागि धारणा निर्माण गर्न र थप अध्ययन गर्न प्रेरणा मिल्नेछ । अतः शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावाद शीर्षकको लेख उपयुक्त, सान्दर्भिक र औचित्यपूर्ण रहेको देखिन्छ ।

अवस्थी (२०६४), खत्री (२०७१), भट्टराई र कँडेल (२०६९/९०), पन्त (२०७५), भण्डारी र पौडेल (२०६७) मा शाकुन्तल महाकाव्यलाई स्वच्छन्दतावादी महाकाव्यका रूपमा चिनाइएको पाइन्छ । प्रकृति प्रेम, मानवता, काल्पनिकता, अतीतप्रतिको मोह, प्रकृति–मानव दिव्यताको संयोजनलाई आत्मसात् गरी काव्य सिर्जना गर्ने स्रष्टाका रूपमा देवकोटा रहेका छन् । ढकाल (२०६९) का अनुसार 'लिरिकल ब्यालेड' को सन् १८०० मा प्रकाशित दोस्रो संस्करणको भूमिकामा नवपरिष्कारवादका विरुद्ध विद्रोहको प्रथम औपचारिक उद्घोष गरियो । रूसोले 'कन्फेसनस्' (सन् १७८१/८८) मा नै स्वच्छन्दतावादको उद्घोष गरिसकेको पृष्ठभूमिमा स्वच्छन्दतावादी मान्यताले थप विकसित हुने मौका पाएको देखिन्छ । स्वच्छन्दतावादले काल्पनिकतामा जोड दिन्छ । यसमा आध्यात्मिकता, भावुकता, ग्रामीण वातावरण, क्रान्ति, विद्रोह, मानवतावादी चिन्तन आदिलाई आत्मसात् गर्दछ । त्यसैगरी घिमिरे (सन् २०२०) का अनुसार नेपाली कविताका क्षेत्रमा स्वच्छन्दतावादी धारा भित्र्याएका देवकोटाका सबै काव्यहरूमा मुख्य रूपमा स्वच्छन्दतावादी झल्किन्छ । आदर्शवाद मानवतावादी दर्शन, स्वप्नाप्रतिको विश्वास, सौन्दर्यमयी भावना देवकोटाको रचनामा झल्किन्छन् । त्यसैले शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावाद शीर्षकअन्तर्गत रही कुनै पनि अध्ययन कार्य भएको देखिँदैन । अतः प्रस्तुत अध्ययन यही मूल शीर्षकमा रही अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

## अध्ययन विधि

पस्तुत लेख महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावादका विशेषताको अध्ययनमा केन्द्रित छ । प्रस्तुत अध्ययनको मुख्य क्षेत्र लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावादी चेतनालाई अतितप्रतिको मोह, प्रकृति प्रेम, मानवतावादी जीवन दर्शन, साङ्गीतिकता, काल्पनिकता, आत्मिक प्रेम, आध्यात्मिक चेतना, सरल, सरस, स्वतःस्फूर्त भाषाशैली, कारुणिकता जस्ता विशेषताका आधारमा अध्ययन गर्नुमा मात्र सीमित रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । तथ्य सङ्कलनका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित नेपाली शाकुन्तल महाकाव्यलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ भने नमुना छनोट गर्दा उद्देश्यमूलक पद्धति अवलम्बन गरिएको छ । शाकुन्तल महाकाव्यका अंश, श्लोक, उदाहरण लिई तिनको तालिकीकरण, वर्णन, व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्न वर्णनात्मक विधिको उपयोग गरिएको छ । विश्लेषण प्रक्रियाअन्तर्गत आगमनात्मक विधिको उपायेग गरिएको छ ।


## सैद्धान्तिक पर्याधार

मान्छे स्वतन्त्र रूपमा जन्मन्छ तर समाजमा विभिन्न बन्धनहरूले किन जेलिन्छ भन्ने चिन्तन र स्वतन्त्रताका विषयमा दार्शनिकहरूले बहस चलाए । जसका कारण स्वच्छन्दतावादलाई दार्शनिक मान्यता प्राप्त भयो । रूसोले व्यक्तिगत स्वतन्त्रता र विशिष्टिकरणलाई पुष्टि गर्न मार्मिक भनाइ अगि सार्दै भनेका छन् "मेरो बनोट मैले देखेको कुनै पनि व्यक्तिसँग मिल्दैन, मेरो दृढ आत्मविश्वास छ म कुनै पनि जीवित वा प्राणवान् व्यक्तिभन्दा बढी असल वा राम्रो नहूँ सही, तर म कम्तीमा पनि सबैभन्दा बेग्लै खालको चाहिँ अवश्य छु" (ढकाल, २०६९, पृ. ९५–९६) । घिमिरे (सन् २०२०) को अनुसार "विशेषतः स्वच्छन्दतावादी मान्यताले परम्परामुक्त स्वच्छन्द अभिव्यक्ति प्रणालीमा आधारित शिल्प शैलीको प्रयोग भएको तर्फमा भन्दा आत्मपरक

भावुकतामा सचेतता र परिष्कारमा भन्दा स्वतः स्फूर्ततामा, यथार्थमा भन्दा कल्पनामा तथा चेतनामा भन्दा अवचेतन मनमा विश्वास गर्ने हुन्छ" (पृ.२)। स्वच्छन्दतावादले प्रकृतिप्रेम, काल्पनिकता, अतीतप्रतिको मोह, आत्मिक प्रेम, मानवता, आध्यात्मिकता, कारूणिकता, साङ्गीतिकता आदि विशेषतालाई आत्मसात् गर्दछ। यसले ग्रामीण जीवनको पनि चित्रण गर्दछ।

**विश्लेषणात्मक ढाँचा**

यस लेखलाई शाकुन्तल महाकाव्यमा स्वच्छन्दतावादी चेतनाका आधारमा विश्लेषण गर्नुमा केन्द्रित गरिएको छ। विश्लेषण गर्दा महाकाव्यका श्लोकलाई समेत आधार मानिएको छ। गुणात्मक खोजका आधारमा सामग्रीको अध्ययन गरी स्वच्छन्दतावादका विशेषताका आधारममा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययनको अवधारणत्मक ढाँचा निम्नअनुसार रहेको छ :



'शाकुन्तल' महाकाव्य महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादबाट प्रभावित भई रचना गरिएको महाकाव्य हो । यस महाकाव्यमा देवकोटाको स्वच्छन्दतावादी चेतनालाई अतितप्रतिको मोह, प्रकृति प्रेम, मानवतावादी जीवन दर्शन, साङ्गीतिकता, काल्पनिकता, आत्मिक प्रेम, आध्यात्मिक चेतना, सरल, सरस, स्वतःस्फूर्त भाषाशैली, कारुणिकता जस्ता विशेषताका आधारमा विश्लेषण गरी निम्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

**अतितप्रतिको मोह :**

प्रस्तुत शाकुन्तल महाकाव्यमा प्राचीन आर्य सभ्यताको महिमा प्रस्तुत गरिएको छ :

चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका ।
नाच्दी सुन्दर तालले पवनमा देखी फूलेकी लता ॥
बिर्से झैँ "भन को तिमी" यति भनी गौरी रुलाईकन ।
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन ॥ (१।१॥)
मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको ।
हाम्रो भारतवर्षको उदयको हैमप्रभासारको ॥
जाडामा पनि कोयली कुसुमका बास्नाहरू सम्झिँदै
फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै ॥ (१।३॥)

शाकुन्तल महाकाव्यमा प्राचीन आर्य सभ्यताको गाथा गाउँदै स्वर्णिम इतिहासलाई सम्झना गरिएको छ । आर्य सभ्यतामा शिवलाई आराध्यदेव मानिन्छ । शिव प्रशन्न भई गौरीलाई कल्याणको चुम्बन गरी वरदान दिएका हाम्रा प्राचीन कथाहरू ज्यादै कर्णप्रिय छन् । जसरी जाडो याममा कोइली वसन्त ऋतु आएपछि गीत गाउँला भनेर रूँदै बसेकी हुन्छिन् त्यसरी नै यस महाकाव्यकी नायिका शकुन्तला नायक दुष्यन्तले बिर्सेपछि सम्झेला कि भनेर रूँदै बसेकी छिन् । त्यस प्रसङ्गलाई कविले हेमन्त र शिशिर ऋतुमा कोइली वसन्त ऋतु आउला र मिठो गीत गाउँला भनेर विरही भएर बसेझैँ नायिका शकुन्तलाको विरहको चित्रण गरिएको छ ।

स्वच्छन्दतावादी कविहरूको मुख्य विशेषता अतितप्रतिको मोह पनि हो । देवकोटाले यस महाकाव्यमा हिन्दू आर्य सभ्यताको प्राचीनता, ऐतिहासिकतामा विश्वास राखिएको पाइन्छ । प्रस्तुत शाकुन्तल महाकाव्य महाभारतको कथामा आधारित विषयवस्तु लिएर लेखिएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले यस महाकाव्यमा प्राचीन आर्य सभ्यता, हिन्दू संस्कृति, प्राचीनताप्रतिको मोह अर्थात् अतीतप्रतिको मोहलाई यस महाकाव्यको विषयस्रोत, घटनासन्दर्भ र परिवेशसँग सामञ्जस्य गरी प्रस्तुत गरेको पाइन्छ । उनले महाकाव्यमार्फत् तात्कालीन युद्धसन्त्रस्त र सामन्ती शासनबाट उत्पीडित एवम् भौतिक विकासका दुष्परिणामबाट अशान्त बनेको नेपाली समाजमा शान्ति र शीतलता छर्न अनि सांस्कृतिक पुनर्जागरणको बास्ना फिँजाउन आम पाठकलाई अतीतकालीन आर्यसभ्यताको तपोवनतिर फर्कन आह्वान गरेका छन् ।

**प्रकृति प्रेम :**

महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रकृतिको चित्रणमा सफल छन् । उनले शाकुन्तल महाकाव्यमा प्रकृति जगत्का पहाड, वनस्पति, रूख, लहरा, वन्यजन्तु, पशुपन्छी, वर्षा, बादल, शीतलता, गर्मी, तपोवन, वृन्दावन विभिन्न प्राकृतिक सौन्दर्यको उद्घाटन गरेका छन् ।

वन छ कुसुमश्रीको देश जस्तो हरीयो ।
कलकल जल खेल्ने चल्मलाएर चाँदी ॥
सरस मृदु मुनाका स्वादजिज्ञासु साना
दुधमुख मृगबच्चा खेल्दछन् नित्न नाना ॥ (२।२॥)

उपर्युक्त कवितांशमा महाकवि देवकोटाले सुन्दर वन, कलकल बग्ने खोला, मृग शावकहरूको कलालाई सुन्दर ढङ्गले वर्णन गरेका छन् । प्रकृतिले नै मानिसलाई शान्तिको मार्गमा डोऱ्याउँछ । वर्तमान युगको कोलाहलभन्दा सुन्दर प्रकृतिको काखमा तपोवनमा गई ध्यान गर्दा प्राप्त हुने आनन्दतर्फ उन्मुख हुन महाकविले जोड दिएका छन् । रूसोको प्रकृतितर्फ फर्क ९द्यबअप तय ल्बतगचभ० तथा व्यक्तिगत स्वतन्त्रताको प्रभाव देवकोटाको यस महाकाव्यमा रहेको पाइन्छ । मानिस दिनप्रतिदिन यान्त्रिक बन्दै गइरहेको कृत्रिम समाजभन्दा प्रकृतिप्रदत्त हावा, पानी, माटो, वनजङ्गल, वन्यजन्तु र ग्रामीण छलकपट नगर्ने किसान आदितर्फ आकर्षित भएको भाव यस महाकाव्यमा रहेको पाइन्छ ।

प्रस्तुत शाकुन्तल महाकाव्यमा महाकविले नेपाली समाजलाई पनि प्रकृतिसँग जोडेका छन् । गाईबाखा चराउने किसानका बाखाको पाठो, ताल, तलाउ, वनमा शिकार खेल्ने प्रचलन, ऋषिमुनिहरूको तपोवन, नदीकिनार आदि प्रकृतिका धेरै बिम्बप्रतीक समेतको प्रयोग गरी देवकोटाले महाकाव्यमा प्रकृतिको मानवसँगको र मानवको प्रकृतिसँगको सम्बन्धलाई अन्योन्याश्रित गराएका छन् । त्यसैगरी मानिस खुसी हुँदा प्रकृति पनि खुसी हुने र मानिस दुःखी हुँदा प्रकृति पनि अँध्यारो देखिएको सन्दर्भ काव्यमा प्रस्तुत गरेका छन् । महाकवि देवकोटाले प्रकृतिको खुलेर प्रशंसा गरेका छन् ।

**मानवतावादी जीवनदर्शन :**

हाय हा ! हाय हा ! हाय हा ! हाय हा !
तर्सिई बाज त्यो छोड्छ त्यो बालिका ॥
चीँ चिचीँ चञ्चुले पक्क पानी भजी ।
फूल गुच्छा बनी लाज थोप्ला लिँदी ॥ (६।२६॥)

विश्वमित्र र मेनकाकी छोरी जन्मेपछि विश्वमित्र मेनका र छोरी दुवैलाई छोडेर तपस्या गर्न तपोवनतर्फ लाग्छन् । मेनका स्वर्गकी अप्सरा थिइन् । उनको मुख्य उद्देश्य विश्वमित्रको तपस्या भङ्ग गरी इन्द्रको सिंहासन जोगाउनु थियो, जुन पूरा भैसकेको थियो । मेनका पनि भर्खरकी नवजात शिशुलाई वनमै छाडेर स्वर्गतर्फ प्रस्थान गर्छिन् । नवजात शिशु एकोहोरो रोइरहेको सुनेर कण्व ऋषि शिशुतर्फ हेर्छन् । भर्खर जन्मिएकी शिशु हेरविचार गर्ने कोही छैन । वेवारिसे अवस्थामा फालिएकी शिशुलाई बचाउनु मानवीय कर्तव्य सम्झेर आश्रममा

लिएर आउँछन् र गौतमीलाई सुम्पन्छन् । कण्व र गौतमीले ती नवजात शिशुलाई जोगाएर लालनपालन गरी हुर्काउँछन् यस सन्दर्भमा मानवतावादी चिन्तनको प्रयोग भएको पाइन्छ । हरेक मानवले जन्मेपछि बाँच्न पाउनुपर्छ । मानवले असजिलो परिस्थितिमा रहेका जोकसैको उद्धार गर्नुपर्छ झन् अबोध नवजात शिशुलाई बचाउनु आफ्नो कर्तव्य हो भन्ने कण्व र गौतमीको व्यवहारले मानवताको उच्चतम नमुना प्रस्तुत गरेको पाइन्छ । यस महाकाव्यमा सुलोचनाले दुःखको अवस्थामा विभिन्न व्यक्तिहरूबाट सहानुभूति पाउनु पनि मानवीय गुण हो । देवकोटाले यस महाकाव्यमार्फत् मानवतावादी विचार पनि प्रवाह गर्न खोजेका छन् । मानवतावादी चिन्तनलाई आत्मसात् गरी लेखिएको शाकुन्तल महाकाव्य स्वच्छन्दतावादको राम्रो उदाहरण हो ।

**साङ्गीतिकता :**

प्रस्तुत शाकुन्तल महाकाव्यको भाषाशैली कलात्मक र साङ्गीतिक रहेको छ । स्वच्छन्दतावादी कविहरूमा तीव्र साङ्गीतिक चेतना पाइन्छ । महाकवि देवकोटाको भाषा तीव्र साङ्गीतिक रहेको छ । व्याकरणको तर्कुल्या–बर्धन्याको दायाँ–बाँयाको घुम्टो मिलाउनपट्टि नलागेर स्वतः स्फूर्त रूपमा चराको चिरीबिरी झैँ कविले मीठो काव्यकौशल प्रस्तुत गरेका छन् ।

सुन बादल भो सुन सूर्य भए ।
सुरद्वार खुल्यो सुनको नभमा ॥
सुनको भव भो सुनको जलले ।
सुन तार बजाउँछ कल्कलले ॥ (३।१॥)

माथिको कवितांशमा एउटै शब्दको बारम्बार पुनरावृत्ति गरेर साङ्गीतिकता थपिएको छ । अत्यधिक शब्द, वर्ण, अनुप्रासको पुनरावृत्तिबाट साङ्गीतिकता सिर्जना भएको छ । यो स्वच्छन्दतावादी कविहरूको महत्त्वपूर्ण प्रवृत्ति हो ।

**काल्पनिकता :**

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा संरचित प्रस्तुत शाकुन्तल महाकाव्यमा कल्पना, भावना र संवेदनाको समान्वित रूप स्वस्फूर्त उच्च कवित्व प्रस्तुत भएको पाइन्छ । देवकोटाले यस महाकाव्यमा आफ्नो विलक्षण कल्पना शक्तिको उपयोग गर्दै नेपाली प्रकृति, संस्कृति र जीवनलाई सहज ढङ्गले प्रस्तुत गरेका छन् । तीव्र काल्पनिक उडान यस शाकुन्तल महाकाव्यको विशेषता हो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा संरचित प्रस्तुत शाकुन्तल महाकाव्यमा कल्पना, भावना र संवेदनाको समन्वित रूप स्वस्फूर्त उच्च कवित्व प्रस्तुत गरेका छन् । तीव्र काल्पनिक उडान यस शाकुन्तल महाकाव्यको विशेषता हो ।

रविकिरण फुटेका पुष्प रङ्गीन फुल्छन् ।
शिशु–सरलपनाका स्वर्गका जीव खेल्छन् ॥
मधुर प्रकृत बाली देवताबाट फल्दछन् ।
कतिपय धन मिल्छन् जो जगत्मा हुँदैनन् ॥ (२।१२॥)

न वा त्यो चरी हो, न वा त्यो परी हो ?
न वा कृष्णको मोहनी माधुरी हो ?
न वा विश्वसौन्दर्यको चातुरी हो ?
यसै कान पीयूषले नै भरी भो ॥ (४।११)

माथिको पहिलो श्लोकमा विश्वमित्र तपस्याका लागि तपोवनमा आएको त्यहाँ विभिन्न प्रकारका अद्भूत फूल, वृक्ष लताको सौन्दर्यको महिमागान प्रस्तुत गरिएको छ भने दोस्रो श्लोकमा तपस्या गरिरहेका विश्वमित्रका अगाडि स्वर्गको अप्सरा मेनाकाले गरेको नृत्य, काटाक्ष, भेषभूषा र हाउभाउ तथा बोलीबचनले ऋषि विश्वमित्रको तपस्या डगमगाएको मात्र छैन तपोभङ्ग नै भएको विषयलाई कविले प्रस्तुत गरेका छन्। माथिका कवितांशबाट महाकवि देवकोटाको अद्भूत कल्पनाको जादुगरी स्पष्ट हुन्छ। रहस्यमय र जादुगरी कवित्वका कारण प्रस्तुत 'शाकुन्तल' महाकाव्य अजस्र काल्पनिकताले युक्त विशिष्ट महाकाव्यका रूपमा देखापर्दछ।

**आत्मिक प्रेम :**

स्वच्छन्दतावादी कविहरू आत्मिक प्रेमलाई महत्त्व दिन्छन् । प्रस्तुत शाकुन्तल महाकाव्यमा देवकोटाले यस महाकाव्यकी नायिका शकुन्तलाको दुष्यन्तप्रतिको आत्मिक प्रेमलाई दर्शाएका छन् । दुष्यन्त राजाको दरबारमा गौतमी र शकुन्तलालाई नचिनेझैँ गरी फर्काएपछि अन्यन्त बनेकी नायिका शकुन्तलाले दुष्यन्तलाई आत्मिक प्रेम गरिरहन्छिन् । पछि दुष्यन्तलाई वास्तविक कुरा थाहा भएपछि दुष्यन्त पश्चाताप् गर्छन् र शकुन्तलाको यादमा तड्पिन्छन्। अन्तमा आत्मिक प्रेमको जीत भएको कुरा महाकाव्यमा देखाइएको छ।

आँखा–पानि त्यसै बनेर रहने पानी बनी आउँछन्।
बोल्लान् स्वीकृतिको अझै वचन ती भन्ने तरफ धाउँछन् ॥
"है आत्मा ! प्रभु प्राणनाथ किन हो ! के पाप मेरो भयो।
भन्छन् नेत्र नसम्झने मकन नै आश्चार्य कस्तो अहो !" (२१।१२८॥)

दुष्यन्तबाट अपहेलित भएपनि शकुन्तलाले आत्मिक प्रेम गरिरहन्छिन् । बरु उनी राजा दुष्यन्तले किन यस्तो भनको होला भनेर चिन्तित हुन्छिन् । मनमनै दुष्यन्तलाई प्रेम गरिरहेकी शकुन्तला दुःखी भएर फर्किन्छिन्। राजाको औँठी किसानले पाएर बुझाएपछि दुष्यन्त श्रापमुक्त भई पुनः शकुन्तलालाई सम्झिन्छन् र दरबारमा सबैलाई शकुन्तला खोजीर ल्याउन निर्देशन दिन्छन् तर शकुन्तलालाई कसैले फेला पार्न सक्दैन । स्वर्गबाट फर्किदा ऋषिआश्रममा छोरा सहित शकुन्तललाई भेट्छन् र आफ्नो गल्तीका लागि क्षमा माग्छन्। पछि शकुन्तला र पुत्रसहित दरबारमा फर्किन्छन्। यस महाकाव्यमा देवकोटाले आत्मिक प्रेमप्रति झुकाब राखेका छन्।

**आध्यात्मिक चेतना** :

प्रस्तुत शाकुन्तल महाकाव्य पूर्वीय दर्शनमा आधारित पौराणिक विषयवस्तु महाभारतमा वर्णित दुष्यन्त–शकुन्तला दुई पात्रहरूको कथानकमा आधारित आख्यानमा आधारित छ। यसमा स्वर्ग, मर्त्य र पाताल तीनै लोकको वर्णन गरिएको छ। ऋषिमुनिहरूको तपस्या, तपोभङ्ग, स्वर्गको इन्द्रासन हल्लिनु, अप्सरा मेनकाले

आफ्नो कलाबाट विश्वमित्रको तपोभङ्ग गर्नु, राजा दुष्यन्त लडाँइको लागि स्वर्ग प्रस्थान गरी विजय हासिल गरी फेरि धर्तीमै फर्किनु आदि आध्यात्मिक विषय जोडिएका छन्। खासगरी ऋषिमुनिहरूको आदर गर्ने, वनमा आश्रममा गई बस्ने, पाप र धर्ममा विश्वास राख्ने, राजालाई प्रभु मान्ने परम्परा आध्यामिक चेतनाका उपज हुन्। देवकोटाको यस 'शाकुन्तल' महाकाव्यमा पनि प्रकृति–मानव र ईश्वरको तादात्म्य मिलेको देखिन्छ।

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा।
ओर्ली सल्बल कल्बलाउन चली पूर्वीय मैदानमा।
कालीदासकला बनेर रसिली कल्लोलकौतूहला।
"पुग्छिन् सागर" भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही॥ (१।१९॥)

पूर्वीय आध्यात्मिक चिन्तलाई देवकोटाले आत्मसात् गरी यस शाकुन्तल महाकाव्यलाई प्रस्तुत गरेका छन्। धर्म, अर्थ, काम, मोक्ष चतुर्वर्ग फलप्राप्तिको हेतु राखेर प्रस्तुत महाकाव्य सिर्जना गरिएको देखिन्छ। आध्यात्मिक चेतना पनि यस स्वच्छन्दतावादी चिनानको अंशका रूपमा प्रस्तुत भएको पाइन्छ।

**भाषाशैली :**

स्वच्छन्दतावादी कविहरू परिष्कार परिमार्जनभन्दा पनि सरल, सरस र सहज भाषाशैलीको प्रयोगमा रूची राख्छन्। देवकोटाले यस महाकाव्यमा विभिन्न छन्द, अलङ्कार, बिम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । अत्याधिक संस्कृत तत्सम शब्दको प्रयोगले केही जटिलता भए पनि समग्रमा यस महाकाव्यको भाषाशैली सहज र बोधगम्य नै छ। देवकोटाले कतिपय शब्दहरू आफैले निर्माण समेत गरेर मौलिकता, सिर्जनात्मक र नवीनता सिर्जना गरेका छन्।

**कारुणिकता :**

दुष्यन्तले शकुन्तलालाई पत्नीको रूपमा स्वीकार गर्न इन्कार गरेपछि शकुन्तला अत्यन्तै दुःखी बनेकी छन्। गर्भवती अवस्थामा राजा दुष्यन्तले आफूलाई घर न घाटको बनाएपछि शकुन्तलासँग बोल्ने कुनै शब्द बाँकी रहँदैन। उनी केबल रोएर मात्र बस्छिन्। त्यो अवस्था देखेर गौतमी र कण्वको अवस्था पनि दयनीय बनेको छ। खासगरी श्रृङ्गार, वीर र करुण रस प्रमुख रूपमा प्रयोग भएको यस महाकाव्यमा कारूणिकताको उपयोग विशिष्ट रहेको छ। जसले महाकाव्यलाई थप रूचिपूर्ण बनाएको छ। द्वन्द्वात्मक रूपमा प्रस्तुत नभएपनि शकुन्तल धेरै रोएकी छिन्। शिशुअवस्थामा हुँदा पिता विश्वमित्र र माता मेनकाले वनमै वेवारिस अवस्थामा फालिएकी शकुन्तललाई कण्व ऋषि र गौतमीले बाबुआमाले जत्तिकै स्नेह प्रदान गरेका थिए तर यौवनावस्थामा राजा दुष्यन्तले रानी बनाउँछु भनेर गर्भवती बनाई पछि लिन आउँछु भनी नआएको तर दरबारमा जाँदा चिन्न समेत इन्कार गरेपछि शकुन्तलाको अवस्था दयनीय बनेको छ। उनीसँगै कण्वपत्नी गौतमीको अवस्था पनि कारुणिक छ। यसरी शाकुन्तल महाकाव्यमा कारुणिकताको सफल प्रयोग भएको पाइन्छ।

बढ्दै आयो दिन जति उती बन्दछिन् झन् मलिन।
चोरी चोरी छवि वदनको सूर्यमा राप चढ्छ॥
झन् झन् चीसा दृग युगल छन् मेघ आएर छोपी।
झन् झन् नीलो गगन अब भो नेत्र भो नीलिमा झैँ॥ (२१।४३॥)

दिन जति जति बढ्दै जान्छ। शकुन्तला त्यति त्यति मलिन हुँदै जान्छिन्। आँखाभरि आँसु भरिएर आउँछ। जसरी निलो आकाशमा विस्तारै बादल भरिएर बर्षा हुन्छ। त्यसै गरी उनको अवस्था पनि अत्यन्त दयनीय बनेको छ।

## निष्कर्ष

महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्य स्वच्छन्दतावादी दर्शनलाई आधार मानी लेखिएको महाकाव्य हो। यस महाकाव्यमा देवकोटाले स्वच्छन्दतावादी धाराका विशेषताहरूलाई आत्मसात् गरी काव्यासिर्जना गरेका छन्। प्रकृतिप्रेमको नमुना यस महाकाव्यमा पाइन्छ। प्रकृतिका विभिन्न छवि छटाहरूलाई देवकोटाले महाकाव्यमा उतारेका छन्। बगैँचा, वन, नदीनाला, पोखरी, बादल, वर्षा, वसन्त ॠतु, वन्यजन्तु, पशुपन्छी, वृक्ष, लता, पहाड आदि विभिन्न प्रकृतिका स्वरूप प्रस्तुत भएका छन्। प्रकृतिलाई मानिसको सुख र दुःखको चिनारीका रूपमा समेत प्रस्तुत गरिएको छ। मानिस खुसी हुँदा प्रकृति पनि सुन्दर देखिने र मानिस दुःखी हुँदा प्रकृति पनि उराठ लाग्दो देखिने गरी चित्रण गरिएको छ। पृथ्वी, स्वर्ग र पाताल तीनै लोकको चित्रण पनि महाकाव्यमा गरिएको छ। भौतिक प्रमेभन्दा आत्मिक प्रेम बढी महत्त्वपूर्ण छन् भन्दै देवकोटाले आत्मिक प्रमेको वकालत गरेका छन्। काल्पनिक चिन्तन, रहस्यमय र जादुगरी चिनान प्रस्तुत गरिएको छ। यस महाकाव्यमा प्राचीनता एवम् अतीतप्रतिको मोह प्रस्तुत गरिएको पाइन्छ। तीव्र साङ्गीतिक चेतना, कोमलकान्त पद पदावलीको प्रयोग, आध्यात्मिक चेतना र मानवतावादी जीवनदृष्टि यस महाकाव्यमा स्वच्छन्दतावादलाई चिनाउने मुख्य विशेषताका रूपमा देखापरेका छन्। शाकुन्तल महाकाव्यकी नायिका शकुन्तलाका जीवनका सुख दुःखलाई विशिष्ट ढङ्गले प्रस्तुत गरिएको छ। दुष्यन्तसँगको विछोडपछिको विरह गाथालाई महाकाव्यमा सजीव रूपमा चित्रण गरिएको पाइन्छ। अतः प्रस्तुत शाकुन्तला महाकाव्य एक उत्कृष्ट स्वच्छन्दतावादी महाकाव्यको रूपमा रहेको छ।

## सन्दर्भ सूची

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्चुअल बुक प्यालेस।

आचार्य, कृष्णप्रसाद (२०७१), *पाश्चात्य साहित्यको रूपरेखा,* क्षितिज प्रकाशन।

खत्री, विष्णुकुमार, (२०७१) *महाकवि देवकोटाका काव्यकृति,* वृहस्पति पुस्तक प्रकाशन।

घिमिरे, अम्बिका (सन् २०२०), मुनामदन खण्डकाव्यको स्वच्छन्दतावादी अवलोकन, *सोताङ,* २(१), पृपृ.१–७।

घिमिरे, भवानी (२०५९), *महाकवि लक्ष्मीप्रसाद देवकोटा,* विद्यार्थी पुस्तक भण्डार।

जोशी, कुमारबहादुर (२०४८), *देवकोटाका प्रमुख काव्यकृतिको कालक्रमिक विवेचना,* सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्।

ढकाल, नवराज (२०६९), *पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति,* इन्टेलेक्चुअल बुक प्यालेस।

देवकोटा, लक्ष्मीप्रसाद (२०६७, नवौँ संस्क.) *नेपाली शाकुन्तल (महाकाव्य),* साझा प्रकाशनको छापाखाना।

पन्त, धर्मानन्द (२०७५) महाकवि देवकोटा र उनको 'शाकुन्तल महाकाव्य' *पटकन* ३(३) पृ.२३–२५।

भट्टराई, रामप्रसाद र कडेल, श्रीप्रसाद (२०६९/७०) *नेपाली कविता र काव्य,* शुभकामना प्रकाशन प्रा.लि.।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६७) *नेपाली कविता र काव्य,* विद्यार्थी पुस्तक भण्डार।